# स्थानीय पाठ्यक्रम

## १. परिचय

फालेलुङ गाउँपालिका साविकका एकतीन (येक्तेन्), मेमेङ, प्राङबुङ् (पर्याङ्बुङ्), सिदिन (सिदेन्) गा.वि.स.हरू एवम् याङनाम (याङ्नाम्) गा.वि.स. का वडा नं. ६, ७, ८ र ९ लाई मिलाएर बनाइएको हो । फालेलुङ गाउँपालिका स्थानीय तह पाँचथर (मौलिक उच्चारण 'पान्थर्') जिल्लाको ८ पालिकाहरूमध्ये एक पालिका हो । फालेलुङ गाउँपालिकामा ८ वटा वडाहरू छन् ।

यो पालिकामा पाइने विभिन्न जाति, भाषा, संस्कृति, साहित्य, कला, परम्पराहरूको विकास गरेमा यो पालिका विभिन्न अध्ययन र पर्यटनको केन्द्र बन्न सक्ने प्रचुर सम्भावना छ । विद्यार्थीहरूलाई आफ्नो वरिपरिको रैथाने सामाजिक भौगोलिक, भाषिक, सांस्कृतिक, नैतिक र सदाचारलगायतका विषयसँग परिचित गराएमा सिकाइलाई व्यवहारिक र सार्थक बनाउन सहज हुन्छ ।

"स्थानीय पाठ्यक्रम, आधारभूत तह (कक्षा १-८)" नामक स्थानीय पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रुचि जगाउने, आफू वरपर रहेको वातावरणको पहिचान गर्ने, वैज्ञानिक सोच गर्ने, रैथाने ज्ञान सीपप्रति रुचि जगाई सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको छ । यस पाठ्यक्रमले सहभागितात्मक तथा क्रियाकलापमुखी शिक्षण सिकाइलाई जोड दिँदै विद्यार्थीहरूलाई सिर्जनशील तथा खोजउन्मुख बनाई स्थानीय ज्ञानात्मक तथा सीप पक्षको समस्या समाधानका ज्ञान-सीप विकासमा थप सहयोग गर्ने लक्ष्य लिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को संरचनाअनुसार आधारभूत तह (कक्षा १-८)ले विशिष्ट वा मुख्यरुपमा फालेलुङ गाउँपालिकाको स्थानीयतासँग परिचित गराउँछ भने सामान्यरुपमा यसले आफ्नो जिल्ला, प्रदेश र नेपालको सन्दर्भबारे समेत परिचित गराउँछ । यो तह पूरा गर्ने बालबालिकाहरूले आफ्ना दैनिक जीवनमा आइपर्ने कार्य सम्पादन गर्न, समस्याहरूको समाधान गर्न र सामाजिक तथा व्यावहारिक भूमिका निर्वाह गर्न एवम् वातावरण, स्वास्थ्य र तन्दुरुस्तीप्रति सचेत हुनुका साथै आफ्नो भाषा, साहित्य, संस्कृति, इतिहास, सिर्जना, परम्परा र कला बुझेर सोअनुरुप अघि बढ्ने अवसर प्राप्त गर्न सक्नेछन् । यी विषयवस्तुका अध्ययनले माथिल्ला कक्षामा अध्ययनका लागि आधारसमेत प्रदान गर्नेछ । यस विषयक्षेत्रको पाठ्यक्रममा मूलतः फालेलुङ गाउँपालिकाअन्तर्गत सामाजिक-भौगोलिक अध्ययन, भाषिक तथा सांस्कृतिक अध्ययन, नैतिक एवम् चारित्रिक विकास, वातावरण र सिर्जनात्मक कलाजस्ता सिकाइका क्षेत्रहरूका विषयवस्तुलाई एकीकृत गरिएको छ ।

जीवनका दैनिक आवश्यकताहरू पूरा गर्न र परिवर्तित सामाजिक वातावरणअनुकूल असल नागरिकका रुपमा जीवनयापन गर्न बालबालिकाहरू सामाजिक र भौतिक वातावरणसँग परिचित भई आफू, आफ्नो परिवार तथा समाज आफ्नो परम्परा, सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, आफ्नो गाउँ, पालिका, जिल्ला, प्रदेश, देश तथा विश्वका विषयवस्तु प्राथमिकताको क्रममा समावेश गरिएको छ । फालेलुङ गाउँपालिका सेरोफेरोको अध्ययनले बालबालिकालाई आफूले आफैँलाई चिन्ने र परिवार र छरछिमेकहरूमा घुलमिल गराउने, आफ्नो क्षेत्रको संस्कृति तथा परम्परादेखि स्थापित सामाजिक चालचलन, नियम आदिसँग परिचित गराउने, समाजमा विद्यमान विभिन्न समस्या र विकृतिहरू हटाउनका लागि सहयोगी बनाउने, असल नागरिकमा हुनुपर्ने मानवीय गुण, अधिकार र कर्तव्यको पहिचान गरी सामाजिकीकरणमा जोड दिने, बालबालिकाहरूलाई आफू रहेको ठाउँ, क्षेत्र, देश आदिको भौगोलिक स्वरुपप्रति परिचित गराउने, आफू र आफ्नो परिवार, समुदायका विगतका सम्बन्धमा खोजीनीति गर्न प्रेरित गर्ने अपेक्षा गरिएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि असल र दक्ष नागरिक तयार गर्न बालबालिकाहरूमा सानै उमेरदेखि रैथाने ज्ञान सीपलाई वातावरणसँग परिचित गराई बालकको शारीरिक, मानसिक, मनोवैज्ञानिक, सामाजिक र संवेगात्मक पक्षको विकास गर्ने लक्ष्य राखेको छ ।

## २. तहगत सक्षमता

कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रमको अध्ययनपश्चात् विद्यार्थीहरूले निम्न लिखित सक्षमता हासिल गर्नेछन् :

१) आफू, आफ्नो परिवार, समाज, वडा र पालिकाको परिचय दिन

२) मेलमिलाप, सहयोग, समन्वय, सहभागिता जस्ता सामाजिक सीपहरुको विकास गर्न

३) घर, विद्यालय तथा पालिका स्तरमा हुने क्रियाकलापमा सहभागिता जनाउन
४) शिक्षामा प्रविधिको उपयोग गर्न
५) आफ्नो समुदायमा भएका सामाजिक, भाषिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक सम्पदाका उपयोग र संरक्षण गर्न
६) रैथाने वा मौलिक संस्कृति, कला र परम्परासँग परिचित भई सोको संरक्षणमा प्रेरित हुन
७) आफ्नो कर्तव्यप्रति सचेतना र सामाजिक शिष्टाचार तथा नियमहरूको पालना गर्न
८) कामको सम्मानको महत्त्व बोध गर्न
९) कृषि, कृषि उत्पादन, जडीबुटी तथा दैनिक आहारविहारसँग परिचित हुन
१०) दैनिक जीवनमा आइपर्ने समस्याहरूको व्यवहारिक समाधानका कार्यहरू गर्न

**३..१ कक्षागत सिकाइ उपलब्धि (कक्षा १-५)**

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| १.म र हाम्रो फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. ट्राफिक नियम<br>४.पर्यटन<br>५.दैनिक आहारविहार<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. पोषण<br>१०. जडीबुटी विज्ञान<br>११. स्थानीय खेलहरू<br>१२. प्राकृतिक स्रोतसाधनहरू | १.म र हाम्रो फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. ट्राफिक नियम<br>४.पर्यटन<br>५.दैनिक आहारविहार<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. पोषण<br>१०. जडीबुटी विज्ञान<br>११. स्थानीय खेलहरू<br>१२. प्राकृतिक स्रोतसाधनहरू | १.म र हाम्रो फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. ट्राफिक नियम<br>४.पर्यटन<br>५.दैनिक आहारविहार<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. पोषण<br>१०. जडीबुटी विज्ञान<br>११. स्थानीय खेलहरू<br>१२. प्राकृतिक स्रोतसाधनहरू | १.म र हाम्रो फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. व्यक्तित्व विकास र दैनिक आचरण<br>४.पर्यटन<br>५.दैनिक आहारविहार<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. कृषि<br>१०. जडीबुटी विज्ञान<br>११. स्थानीय खेलहरू<br>१२. प्राकृतिक स्रोतसाधनहरू<br>१३. उपभोक्ता सचेतना<br>१४. स्रेस्ता<br>१५. हाम्रो तथ्याङ्क<br>१६. नवप्रवर्तन | १.म र हाम्रो फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. व्यक्तित्व विकास र दैनिक आचरण<br>४.पर्यटन<br>५.दैनिक आहारविहार<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. कृषि<br>१०. जडीबुटी विज्ञान<br>११. स्थानीय खेलहरू<br>१२. प्राकृतिक स्रोतसाधनहरू<br>१३. उपभोक्ता सचेतना<br>१४. स्रेस्ता<br>१५. हाम्रो तथ्याङ्क<br>१६. नवप्रवर्तन |

**३.२ कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)**

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| १.म र हाम्रो  फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. जनसाङ्ख्यिक सूचकहरू<br>४.पर्यटन<br>५.  मानव र प्रकृतिको अन्तर्सम्बन्ध<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. कृषि<br>१०. जडीबुटी विज्ञान<br>११.स्थानीय  शासनव्यवस्था : न्यायिक समिति<br>१२.  प्राकृतिक स्रोतसाधनहरू<br>१३. जैविक विविधता<br>१४. स्रेस्ता<br>१५. हाम्रो तथ्याङ्क<br>१६.  नवप्रवर्तन<br>१७. स्थानीय आयआर्जन<br>१८.  गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदा<br>१९.  प्रविधिको दुरुपयोग<br>२०. स्थानीय राजपत्र<br>२१. जनयुद्ध र सहिद<br>२२. दुर्लभ जीवहरू | १.म र हाम्रो  फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३.  जनसाङ्ख्यिक सूचकहरू<br>४.पर्यटन<br>५.  मानव र प्रकृतिको अन्तर्सम्बन्ध<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. कृषि<br>१०. जडीबुटी विज्ञान<br>११.स्थानीय  शासनव्यवस्था : न्यायिक समिति<br>१२. प्राकृतिक स्रोतसाधनहरू<br>१३. जैविक विविधता<br>१४. स्रेस्ता<br>१५. हाम्रो तथ्याङ्क<br>१६.  नवप्रवर्तन<br>१७. स्थानीय आयआर्जन<br>१८.  गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदा<br>१९.  प्रविधिको दुरुपयोग<br>२०. स्थानीय राजपत्र<br>२१. जनयुद्ध र सहिद<br>२२. दुर्लभ जीवहरू | १.म र हाम्रो  फालेलुङ गाउँपालिका<br>२. भाषा, साहित्य, संस्कृति, कला र परम्परा<br>३. जनसाङ्ख्यिक सूचकहरू<br>४.पर्यटन<br>५.  मानव र प्रकृतिको अन्तर्सम्बन्ध<br>६.शिक्षामा प्रविधि<br>७. जीवनी<br>८. स्थानीय ज्ञान, सीप र प्रविधि<br>९. कृषि<br>१०. जडीबुटी विज्ञान<br>११.स्थानीय  शासनव्यवस्था : न्यायिक समिति<br>१२. प्राकृतिक स्रोतसाधनहरू<br>१३. जैविक विविधता<br>१४. स्रेस्ता<br>१५. हाम्रो तथ्याङ्क<br>१६.  नवप्रवर्तन<br>१७. स्थानीय आयआर्जन<br>१८.  गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदा<br>१९.  प्रविधिको दुरुपयोग<br>२०. स्थानीय राजपत्र<br>२१. जनयुद्ध र सहिद<br>२२. दुर्लभ जीवहरू |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### ४.१ विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३)

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १.म र हाम्रो फालेलुङ गाउँपालिका | १. आफू र आफ्नो परिवारको सदस्यहरुको नाता बताउन<br>२.आफ्नो गाउँको परिचय दिन<br>३. फालेलुङ गाउँपालिकाको अति सामान्य परिचय दिन<br>४. फालेलुङ गाउँपालिकाको जातिगत बनावटको अतिङ्क्षिप्त परिचय दिन | १. आफ्नो परिवारप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न<br>२.आफ्नो वडाको परिचय दिन<br>३. फालेलुङ गाउँपालिकाको सामान्य परिचय दिन<br>४. फालेलुङ गाउँपालिकाको जातिगत बनावटको सङ्क्षिप्त परिचय दिन | १.परिवार र नातेदारसँग असल सम्बन्ध स्थापना गर्न<br>२. फालेलुङ गाउँपालिकाको परिचय दिन<br>३. फालेलुङ गाउँपालिकाको भौगोलिक अवस्थिति बताउन<br>४. फालेलुङ गाउँपालिकाको भाषागत बनावटको सङ्क्षिप्त परिचय दिन |
| २. भाषा, साहित्य, संस्कृति, कला र परम्परा | १. याक्खा भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. याक्खा साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>३. याक्खा संस्कृतिको संक्षिप्त परिचय दिन<br>४. याक्खा जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन | १. भुजेल भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. भुजेल साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>३. भुजेल संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. भुजेल जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन | १. नेपाल भाषा (नेवारी) भाषाको सङ्क्षिप्त परिचय<br>२. नेपाल भाषा (नेवारी) साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>३. नेपाल भाषा (नेवारी) संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. नेपाल भाषा (नेवारी) जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन |
| ३. ट्राफिक नियम | ट्राफिक नियम बताउन | ट्राफिक सङ्केतसँग परिचित हुन । | ट्राफिक नियमको महत्त्व बताउन |
| ४. पर्यटन | बुढीधामलगायतका पर्यटकीय स्थलहरूको अतिसङ्क्षिप्त परिचय दिन | हेंवाकोठीलगायतका पर्यटकीय स्थलहरू अतिसङ्क्षिप्त परिचय दिन | १. नरेलुङ्धामलगायतका पर्यटकीय स्थलहरूको अतिसङ्क्षिप्त परिचय दिन<br>२. आफ्नो गाउँका पर्यटकीय स्थलहरुको नाम बताउन |
| ५. दैनिक आहारविहार | क) दैनिक खानपानको अतिङ्क्षिप्त परिचय दिन<br>ख) घुमफिर | क) दैनिक खानपानको अतिसङ्क्षिप्त परिचय दिन<br>ख) घुमफिर | क) जङ्कफुड (junk-food) र अर्गानिक (organic-food) फुडको परिचय दिन<br>ख) घुमफिर |
| ६. शिक्षामा प्रविधि | कम्प्युटर सम्बन्धी अतिआधारभूत जानकारी (कम्प्यटरका अङ्गहरू) राख्न | कम्प्युटर सम्बन्धी अतिआधारभूत ज्ञान-सीप (file निर्माण र टाइपशाला) राख्न | कम्प्युटर सम्बन्धी अतिआधारभूत ज्ञान-सीप (folder निर्माण र टाइपशाला) राख्न |
| ७. जीवनी | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाइ सो क्षेत्रको | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाइ सो क्षेत्रको विकास र | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाइ सो क्षेत्रको |

| | | | |
|---|---|---|---|
| | विकास र प्रतिष्ठा उच्च पार्न योगदान पुऱ्याउने व्यक्तिको जीवनी बताउन | प्रतिष्ठा उच्च पार्न योगदान पुऱ्याउने व्यक्तिको जीवनी बताउन | विकास र प्रतिष्ठा उच्च पार्न योगदान पुऱ्याउने व्यक्तिको जीवनी बताउन |
| ८. स्थानीय ज्ञान, सीप र प्रविधि . | विशेष बिरुवाको खेतीका लागि कुन क्षेत्र राम्रो छ ? (ज्ञान), समूह खेलाडीको प्रवृत्ति (सीप) र कोल (प्रविधि) सँग परिचित हुन | यी विशेष परिवेशमा घरपालुवा जनावरहरू कसरी फस्टाउँछन ? (ज्ञान), सक्रिय सुनाइ (सीप) र हलो (प्रविधि) सँग परिचित हुन | कुन स्थानीय विरूवाहरू खान योग्य छन् ? (ज्ञान), सक्रिय बोलाइ (सीप) र गल (प्रविधि) सँग परिचित हुन |
| ९.पोषण | दृष्य सामग्रीसमेतको आधारमा पोषणको अतिसामान्य मौखिक परिचय दिन | दृष्य सामग्रीसमेतको आधारमा पोषणको सामान्य परिचय दिन | पोषणको महत्त्व सरलरुपमा बताउन/ लेख्न |
| १०. जडीबुटी विज्ञान | तितेपातीको उपयोगबारे सङ्क्षेपमा परिचय दिन | सिस्नु र चिम्फिङको उपयोगबारे सङ्क्षेपमा परिचय दिन | अमला र सिलटिमुरको उपयोगबारे सङ्क्षेपमा परिचय दिन |
| ११. स्थानीय खेलहरू | स्थानीय खेल (पाँचगट्टी खेललगायत) सँग परिचित हुन र खेल्न | स्थानीय खेल (हात ढाल्ने खेललगायत) सँग परिचित हुन र खेल्न | स्थानीय खेल (जस्तै, बाखागट्टी खेल) सँग परिचित हुन र खेल्न |
| १२. प्राकृतिक स्रोतसाधनहरू | दृष्य सामग्रीसमेतको आधारमा प्राकृतिक स्रोत पानीको अतिसामान्य मौखिक परिचय दिन | दृष्य सामग्रीसमेतको आधारमा प्राकृतिक स्रोत रुखको सामान्य परिचय दिन | प्राकृतिक स्रोत ढुङ्गाको परिचय दिन र आवश्यकता बताउन/ लेख्न |

**४.२ विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५)**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १.म र हाम्रो फालेलुङ गाउँपालिका | १. परिवारको प्रकार बताउन<br>२.आफ्नो समाजको गतिविधिमा सहभागिता जनाउन<br>३. फालेलुङ गाउँपालिकाभित्र रहेका विभिन्न कार्यालय, संघ संस्था, विद्यालयहरूको बारेमा बताउन<br>४. फालेलुङ गाउँपालिकाको धर्मगत जनसङ्ख्याको बनावटको सङ्क्षिप्त परिचय दिन | १. परिवारको महत्त्व बताउन<br>२.वडा गतिविधिमा सहभागिता जनाउन<br>३.विद्यालयमा हुने क्रियाकलापमा सहभागिता जनाउन<br>४. फालेलुङ गाउँपालिकाभित्र रहेका पुरातात्त्विक सम्पदासँग परिचित हुन<br>५. फालेलुङ गाउँपालिकाको आवासीय अवस्थाको चिनारी दिन<br>६. फालेलुङ गाउँपालिकाको परिवार/घर सङ्ख्याको सङ्क्षिप्त परिचय दिन |
| २. भाषा, साहित्य, संस्कृति, कला र | १. शेर्पा र खालिङ भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. शेर्पा र खालिङ भाषा साहित्यको | १. गुरूङ र दुमी भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. गुरूङ र दुमी साहित्यको अतिसङ्क्षिप्त |

| | | |
|---|---|---|
| परम्परा | अतिसङ्क्षिप्त परिचय दिन<br>३. शेर्पा संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. शेर्पा जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन | परिचय दिन<br>३. गुरूङ संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. गुरूङ जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन |
| ३. व्यक्तित्व विकास र दैनिक आचरण | १. व्यक्तित्व विकासको परिचय दिन<br>२. दैनिक आचरणको परिचय दिन | १. व्यक्तित्व विकासको महत्व बताउन/लेख्न<br>२. दैनिक आचरण सुधारका उपाय बताउन |
| ४. पर्यटन | १. पर्यटनको सङ्क्षिप्त परिचय दिन<br>फालेलुङ गाउँपालिकाको पर्यटकीय स्थलहरूको नाम बताउन<br>२. पर्यटकीय स्थल शिवगङ्गा, पाथीभरालगायतका अतिसङ्क्षिप्त परिचय दिन<br>३. आफ्नो गाउँमा भएका पर्यटकीय स्थलहरूको नाम बताउन | १. पर्यटनको परिचय दिन<br>२. पर्यटकीय स्थल आगेजुङ गुम्बा, जलजले पोखरीलगायतका अतिसङ्क्षिप्त परिचय दिन<br>३. आफ्नो वडामा भएका पर्यटकीय स्थलहरूको नाम बताउन |
| ५.दैनिक आहारविहार | १. अर्गानिक खानाको महत्त्व बताउन<br>२. शारीरिक व्यायामको महत्त्व बताउन | १. स्वस्थ्य जीवनको लागि पथपरेज बारे बताउन<br>२. शारीरिक व्यायामको महत्त्व बताउन |
| ६.शिक्षामा प्रविधि | कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान-सीप ( नेपाली फन्ट, टाइपिङ, र पेज इन्सर्ट) प्राप्त गर्न | कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान-सीप (फन्ट, अंग्रेजी टाइपिङ, पेज इन्सर्ट) प्राप्त गर्न । |
| ७. जीवनी | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाई सो क्षेत्रको विकास र प्रतिष्ठा उच्च पार्न योगदान पु¥याउने व्यक्तिको जीवनी बताउन | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाइ सो क्षेत्रको विकास र प्रतिष्ठा उच्च पार्न योगदान पु¥याउने व्यक्तिको जीवनी बताउन |
| ८. स्थानीय ज्ञान, सीप तथा प्रविधि | सबैभन्दा राम्रा चरन मैदान कहाँ छन् ? ( ज्ञान), सक्रिय पढाइ (सीप) र जाँतो ( प्रविधि) सँग परिचित हुन | वित्तीय जानकारी (ज्ञान), सक्रिय लेखाइ ( सीप) र चर्खा (प्रविधि) सँग परिचित हुन |
| ९. कृषि | १. कुखुरा पालनसँग परिचित हुन<br>२. तरकारी खेती :<br>क) पातजन्य तरकारी,<br>ख) मुन्टाजन्य तरकारी,<br>ग) गेडागुडीजन्य तरकारी,<br>घ) जराजन्य तरकारीसँग परिचित हुन | १. बाखा पालनसँग परिचित हुन<br>२. मौरी पालनसँग परिचित हुन |
| १०. जडीबुटी विज्ञान | १. बोजोको उपयोग बताउन<br>२. चिराइतोको उपयोग बताउन | १. हर्रोको उपयोग बताउन<br>२. बर्रोको उपयोग बताउन |
| ११. स्थानीय खेलहरू | स्थानीय खेल (टोपी लुकाई खेललगायत) सँग परिचित हुन र खेल्न | स्थानीय खेल (चट्टी खेललगायत) सँग परिचित हुन र खेल्न |
| १२. प्राकृतिक स्रोतसाधनहरू | १. आफ्नो गाउँमा भएका प्राकृतिक स्रोतसाधनहरू बताउन | १. आफ्नो वडामा भएका प्राकृतिक स्रोतसाधनहरू बताउन |
| १३. उपभोक्ता सचेतना | १. उपभोक्ता सचेतनाको परिचय दिन | १. उपभोक्ता सचेतनाको महत्त्व बताउन |

| | | |
|---|---|---|
| १४. स्रेस्ता | क) स्रेस्ता लेखनको परिचय बताउन<br>ख) निवेदन लेख्न | भर्पाइ र कपाली तमसुक तयार गर्न |
| १५. हाम्रो तथ्याङ्क | पालिकामा खानेपानीको स्रोतको अवस्था बताउन | पालिकामा इन्धनको प्रयोगको अवस्था बताउन |
| १६. नवप्रवर्तन | नवप्रवर्तनको परिचय दिन | नवप्रवर्तन परिवेश बताउन |

**४.३ विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८)**

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १.म र हाम्रो फालेलुङ गाउँपालिका | १.आदर्श परिवार बताउन<br>२.विद्यालयमा हुने क्रियाकलापमा सहभागिता जनाउन<br>३. फालेलुङ गाउँपालिकाको वातावरणीय अवस्थाको चिनारी गर्न<br>४. फालेलुङ गाउँपालिकाको सिमाना, क्षेत्रफल बताउन<br>५. फालेलुङ गाउँपालिकाको शैक्षिक अवस्थाको सामान्य चिनारी दिन<br>६. फालेलुङ गाउँपालिकाको लिङ्गगत जनसङ्ख्याको सङ्क्षिप्त परिचय दिन | १. परिवार र समाजबारे बताउन<br>२. ऐतिहासिक पृष्ठभूमि, भौगालिक अवस्थितिसँग परिचित हुन<br>३. फालेलुङ गाउँपालिकाको वडागत लिङ्गगत अनुपात बताउन<br>४. फालेलुङ गाउँपालिकाको उमेरगत जनसङ्ख्याको सङ्क्षिप्त परिचय दिन | १. पारिवारिक र सामाजिक मूल्यमान्यताबारे बताउन<br>२.विद्यालय क्रियाकलापमा सहभागिता जनाउन<br>३. फालेलुङ गाउँपालिकाको जनसङ्ख्याको बनावटसँग परिचित हुन<br>४. फालेलुङ गाउँपालिकाको धार्मिक, ऐतिहासिक स्थलहरूसँग परिचित हुन<br>५. फालेलुङ गाउँपालिकामा पाइने सेवासुविधाहरू र यो पालिकाको अर्थव्यवस्थाबारे बताउन |
| २. भाषा, साहित्य, संस्कृति, कला र परम्परा | १. मगर ढुट, तामाङ र संस्कृत भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. मगर ढुट, तामाङ र संस्कृत साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>३. मगर ढुट र तामाङ संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. मगर ढुट र तामाङ जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन | १. बान्तवा, चाम्लिङ, राई, साम्पाङ, वाम्बुले र थुलुङ् भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. बान्तवा, चाम्लिङ, राई, साम्पाङ, वाम्बुले र थुलुङ् साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>३. राई (बान्तवा, चाम्लिङ, राई, साम्पाङ, वाम्बुले, थुलुङ्, दुमी र खालिङ) संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. राई (बान्तवा, चाम्लिङ, राई, साम्पाङ, वाम्बुले, थुलुङ्, दुमी र खालिङ) जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन | १. याक्थुङ्/लिम्बू भाषाको सङ्क्षिप्त परिचय दिन<br>२. याक्थुङ्/लिम्बू साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>३. याक्थुङ्/लिम्बू संस्कृतिको सङ्क्षिप्त परिचय दिन<br>४. याक्थुङ्/लिम्बू जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन<br>५. नेपाली (खस-आर्य) र संस्कृत भाषाको सङ्क्षिप्त परिचय दिन<br>६. नेपाली (खस-आर्य) साहित्यको अतिसङ्क्षिप्त परिचय दिन<br>७. क्षत्री, ब्राह्मण, परियार, विश्वकर्मा, मिजार संस्कृतिको सङ्क्षिप्त परिचय |

| | | | |
|---|---|---|---|
| | | | दिन<br>८. क्षत्री, ब्राह्मण, परियार, विश्वकर्मा, मिजार जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन |
| ३. जनसाङ्ख्यिक सूचकहरू | परिवार सङ्ख्या बताउन | जनघनत्व प्रति वर्ग कि.मी., साक्षरता दर बताउन | ० देखि १४ वर्ष उमेरको जनसङ्ख्या बताउन |
| ४. पर्यटन | १. भैंसेपोखरी, तीन छाँगे झरना र तीन सिमानालगायतका पर्यटकीय स्थलहरूको अतिसङ्क्षिप्त परिचय दिन<br>२. पर्यटन र रोजगारीबारे बताउन<br>३. आफ्नो पालिकामा भएका पर्यटकीय स्थलहरूको नाम बताउन | १. लामपोखरी, पानावा झरना र फालोटलगायतका पर्यटकीय स्थलहरूको अतिसंक्षिप्त परिचय दिन<br>२. फालेलुङ गाउँपालिकाको पर्यटकीय स्थलहरू बताउन<br>३.पर्यटन र भाषा-संस्कृतिबीचको अन्तर्सम्बन्ध बताउन<br>४. पर्यटनका पूर्वाधारहरू बताउन | १.सुकेपोखरी, मुवा झरना र चार रातेलगायतका पर्यटकीय स्थलहरूको अतिसङ्क्षिप्त परिचय दिन<br>२. फालेलुङ गाउँपालिकाको पर्यटकीय स्थलहरूको नाम बताउन<br>३.पर्यटन विकास र आर्थिक समृद्धिबारे बताउन<br>४. पर्यटन पूर्वाधार विकासबारे बताउन |
| ५. मानव र प्रकृतिको अन्तरसम्बन्ध | १. मानव र प्रकृतिको अन्तरसम्बन्धको परिचय दिन<br>२. मानवका लागि खानाको प्रमुख स्रोत बताउन | १. औषधिको स्रोत बताउन | १. पारिस्थितिक प्रणालीको सन्तुलन गर्ने कारक बताउन |
| ६.शिक्षामा प्रविधि | कम्प्युटरसम्बन्धी ज्ञान-सीप (इमेल लेखन तथा mail send & download) सँग परिचित हुन | कम्प्युटरसम्बन्धी ज्ञान-सीप : एक्सलसँग परिचित हुन | एडभान्स्ड एक्सलसँग परिचित हुन |
| ७. जीवनी | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाई सो क्षेत्रको विकास र प्रतिष्ठा उच्च पार्न योगदान पुऱ्याउने व्यक्तिको जीवनी बताउन | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाई सो क्षेत्रको विकास र प्रतिष्ठा उच्च पार्न योगदान पुऱ्याउने व्यक्तिको जीवनी बताउन | फालेलुङ गाउँपालिकामा जन्म भई वा उक्त क्षेत्रलाई कर्मथलो बनाई सो क्षेत्रको विकास र प्रतिष्ठा उच्च पार्न योगदान पुऱ्याउने व्यक्तिको जीवनी बताउन |
| ८. स्थानीय ज्ञान, सीप तथा प्रविधि | कुन मौसम कुन खेतीको लागि सबैभन्दा उपयुक्त समय हो ? (ज्ञान), बाँस र धागोले बनेको मुढा (सीप) र ओइँटा (प्रविधि) सँग परिचित हुन | सूर्य पूर्व दिशामा उदाउँछ ( ज्ञान), समय व्यवस्थापन (सीप) र तान (प्रविधि) सँग परिचित हुन | सन्चकुमार केरूङ फालेलुङ गाउँपालिकाको पहिलो तथा बिरबिक्रम थाम्सुहाङ दोस्रो अध्यक्ष थिए (ज्ञान), प्रभावकारी संचार (सीप) र चिम्टा (प्रविधि) सँग परिचित हुन |

| | | | |
|---|---|---|---|
| ९. कृषि | १. भेंडापालनसँग परिचित हुन<br>२. बङ्गुर पालनसँग परिचित हुन | १. गाई पालनसँग परिचित हुन<br>२. भैंसी पालनसँग परिचित हुन<br>३. चौंरी पालनसँग परिचित हुन | १. फलफूल खेतीसँग परिचित हुन :<br>क) किवी खेती<br>ख) एवोकार्डो खेती<br>ग) मेकाडनिया नट खेती<br>घ) सुन्तला खेती<br>ङ) कागती खेती<br>२. च्याउ खेतीसँग परिचित हुन |
| १०. जडीबुटी विज्ञान | १. बिखुमा औषधिसँग परिचित हुन<br>२. पाखनवेद औषधिसँग परिचित हुन<br>बूढो ओखती औषधिसँग परिचित हुन | १. पाँचऔंले औषधिसँग परिचित हुन<br>२. पदमचाल औषधिसँग परिचित हुन<br>३. सतुवा औषधिसँग परिचित हुन | १. सुगन्धवाल औषधिसँग परिचित हुन<br>२. धसिङ्ग्रे औषधिसँग परिचित हुन<br>३. अविजालो औषधिसँग परिचित हुन<br>४. हडचुर औषधिसँग परिचित हुन |
| ११. स्थानीय शासनव्यवस्था : न्यायिक समिति | १. न्यायिक समितिको परिचय बताउन<br>२. न्यायिक समितिको काम, कर्तव्य र अधिकारबारे बताउन | १. बैठकमा छलफलका विषय प्रस्तुत गर्ने विधि बताउन<br>२. निर्णय प्रक्रिया बताउन | १. निर्णय कार्यान्वयन तथा अभिलेखबारे बताउन<br>२. न्यायिक समितिको अधिकार क्षेत्रबारे बताउन |
| १२. प्राकृतिक स्रोतसाधनहरू | प्राकृतिक स्रोतसाधनहरूको महत्त्व | २. प्राकृतिक स्रोतसाधनहरूको संरक्षणका उपायहरू बताउन | आफ्नो गाउँपालिकामा भएका प्राकृतिक स्रोतसाधनहरू बताउन |
| १३. जैविक विविधता | जैविक विविधतासँग परिचित हुन | जैविक विविधताको महत्त्व बताउन | जैविक विविधताका धम्कीहरू (threats) सँग परिचित हुनु । |
| १४. स्रेस्ता | दृष्टिबन्धक र बैनाबट्टाको लिखत तयार गर्न । | उपभोक्ता समिति निर्माण प्रक्रिया, भोगबन्धक र राजीनामाको लिखत तयार गर्न | माइन्युट लेखन, भाखापत्र र बण्डापत्रको लिखत तयार गर्न |
| १५. हाम्रो तथ्याङ्क | आफ्नो पालिकामा शौचालय सुविधाको अवस्था बताउन | आफ्नो पालिकामा परिवार सङ्ख्या र जनसङ्ख्या वितरणको अवस्था बताउन | आफ्नो पालिकामा घरपरिवार् सुविधाहरूको अवस्था बताउन |
| १६. नवप्रवर्तन | नवप्रवर्तनका आधारभूत मान्यताहरू/विशेषताहरू | नवप्रवर्तनका प्रकारहरू बताउन | विकासका लागि नवप्रवर्तनबारे बताउन |
| १७. स्थानीय आयआर्जन | १. स्थानीय आयआर्जनको परिचय बताउन<br>२. स्थानीय वस्तु उत्पादनको लागि आवश्यक कच्चा पदार्थहरू (जस्तै, माटो, ढुङ्गा, बाँस, बेत, काठ, इत्यादि) बताउन | तितेपाती, सिस्नो, लगायतका स्थानीय कच्चा पदार्थको उपयोग गरेर स्थानीय वस्तुको उत्पादन गर्न | अर्गेली, बाँस, लगायतका स्थानीय कच्चा पदार्थको उपयोग गरेर स्थानीय वस्तुको उत्पादन गर्न |

| | | | |
|---|---|---|---|
| १८. गाउँपालिकाभित्र रहेका पुरातात्त्विक सम्पदा | पुरातात्त्विक सम्पदाको परिचय बताउन | पुरातात्त्विक सम्पदाको महत्त्व बताउन | पुरातात्त्विक सम्पदाको संरक्षण बताउन |
| १९. प्रविधिको दुरुपयोग | प्रविधिको दुरुपयोगको परिचय दिन | प्रविधिको दुरुपयोगका किसिमहरू बताउन | प्रविधिको दुरुपयोगबाट सजग हुन |
| २०. स्थानीय राजपत्र | स्थानीय राजपत्रको परिचय दिन | स्थानीय राजपत्रको परिचय दिन | स्थानीय राजपत्रको महत्त्व बताउन |
| २१. जनयुद्ध र सहिद | जन आन्दोलन र जनयुद्धको परिचय बताउन | जनयुद्धका सहिदहरू बताउन | जनयुद्धको उपलब्धि बताउन |
| २२. दुर्लभ जीवहरू | सालक : परियय दिन, महत्त्व र संरक्षणका उपायहरू बताउन | रातो पान्डा (Red panda) : परिचय दिन | रातो पान्डा (Red panda) : महत्त्व र संरक्षणका उपायहरू बताउन |

## ५. एकीकृत पाठ्यक्रममा व्यवहारकुशल सीपहरू

सिकाइले उपयुक्तज्ञान, सीप र अभिवृत्तिको विकास गर्न सक्नुपर्दछ । विद्यालय शिक्षाको एउटा महत्त्वपूर्ण कार्य विद्यार्थीहरूमा व्यवहारकुशल सीपहरू (Soft skills) विकास गराउन सहयोग गर्नु हो । व्यवहारकुशल सीपहरू सबैलाई आवश्यक हुन्छन् । यी कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने गर्दछन् । यस्ता सीपहरू विशेषतः विद्यार्थीका दैनिक जीवनका वास्तविक समस्या समाधानमा सहायक हुन्छन् । त्यसैले व्यवहारकुशल सीपहरू कुनै निश्चित कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रसँग मात्र सम्बन्धित नभई विभिन्न कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रमा कार्यसम्पादनसँग सम्बन्धित हुन्छन् । व्यवहारकुशल सीपहरूलाई विभिन्न फरक फरक नामले पहिचान गर्ने गरिन्छ । जस्तैः यसलाई समतलीय, सामान्य, अन्तरसम्बन्धित, स्थानान्तरणीय, आधारभूत, व्यावहारिक, रोजगारीमूलक वा एक्काइसौँ शताब्दीका सीप नामले पनि चिनिन्छ ।

व्यवहारकुशल सीपलाई विभिन्न नामले जनाइनुका साथै यसअन्तर्गत पर्ने सीप वा सक्षमताका सूचीलाई निश्चित सङ्ख्यामा सीमित गर्न कठिन भए पनि सोचाइ सीप, वैयक्तिक सीप, अन्तरवैयक्तिक सीप, बहुसाक्षरता सीप, नागरिक सीपअन्तर्गत प्रायजसो सबै व्यवहारकुशल सीपहरूलाई वर्गीकरण गरी समावेश गर्न सकिन्छ ।

सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नु पर्दछ । यसको लागि विभिन्न विषय र तहका पाठ्यक्रमबीच अन्तरक्रिया हुनु आवश्यक छ । यस्तो अन्तरक्रियाबाट सिकाइलाई सामान्य विषयगत ज्ञान तथा सीपमा सीमित नगरी अधिसंज्ञानात्मक (Metacognitive) सिकाइलाई सहज गराई जीवनका समस्या समाधानका लागि उपयोगी बनाउन सहयोग प्राप्त हुन्छ । व्यवहारकुशल सीप सिकाइलाई अधिसंज्ञानात्मक तहमा पुऱ्याउन सहयोग गर्ने भएकाले एकीकृत पाठ्यक्रमको अवधारणाअन्तर्गत व्यवहारकुशल सीपलाई उपयुक्तताका आधारमा सबै विषय र तहमा एकीकृत गर्नु महत्त्वपूर्ण हुने दृष्टिकोणमा आधारित भई यस पाठ्यक्रममा पनि व्यवहारकुशल सीपहरूलाई सबै विषय र कक्षामा उपयुक्तताका आधारमा एकीकृत गरिएको छ । यसका लागि व्यवहारकुशल सीपका मुख्य क्षेत्रहरू र तिनको विस्तृतीकरण गरिनु आवश्यक छ । व्यवहारकुशल सीपका उल्लिखित पाँच विस्तृत क्षेत्रअन्तर्गतका सीपहरूको विस्तृतीकरण र तिनको सम्भाव्य व्याख्या निम्नअनुसार प्रस्तुत गरिएको छ :

### क) सोचाइ सीपहरू (Thinking Skills) (S1)

बालबालिकाले सूचना प्रशोधन गर्न, विभिन्न सूचनालाई संयोजन गर्न, निर्णय लिन र नयाँ विचार सिर्जना गर्न प्रयोग गर्ने संज्ञानात्मक क्रियाकलापहरू नै सोचाइ सीपहरू हुन् । बालबालिकाहरूले आफ्ना अनुभवहरूको बोध गर्दा, समस्याहरू हल गर्दा, निर्णय लिँदा, प्रश्नहरू गर्दा, योजना बनाउँदा अथवा सूचनाहरू सङ्गठित गर्दा आफ्नो सोचाइ सीपहरू प्रयोग गर्दछन् । प्रमुख सोचाइ सीपहरू र तिनको व्यख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

मुख्य सोचाइ सीपहरू (Major thinking skills)

सम्भाव्य व्याख्या (Possible explanation)

प्रयोग सीप (Application skill) (S1.1)

- नयाँ परिस्थिति एवम् सन्दर्भमा पहिले सिकेका ज्ञान तथा सीपलाई प्रयोग गर्ने योग्यता

सिकाइ सीप (Learning skill) (S1.2)

- सिकाइ हासिल गर्ने र जारी राख्ने योग्यता
- आफ्नो सिकाइलाई सङ्गठित गर्ने योग्यता

रचनात्मक सोचाइ सीप (Creative thinking skill) (S1.3)

- ढाँचा एवम् सम्बन्धलाई परीक्षण र सूचनालाई वर्गीकरण गरी क्रममा मिलाउने योग्यता
- राम्रा तर्कहरूको विश्लेषण तथा सिर्जना गर्ने र प्रचलित मान्यताहरूलाई चुनौती दिने योग्यता
- परिकल्पना निर्माण एवम् भविष्यवाणी गर्ने, सबुत वा प्रमाण परीक्षण गर्ने र नतिजामा पुग्ने योग्यता
- समस्याहरू र निर्णयहरू पहिचान तथा विश्लेषण गर्ने र विभिन्न विकल्पहरूको खोजी गर्ने योग्यता
- समस्याहरू समाधान गर्ने र उपलब्धिहरूको मूल्याङ्कन गर्ने योग्यता
- काल्पनिकरुपमा सोच्ने, क्रियाशीलरुपमा नयाँ विचार वा दृष्टिकोण खोज्ने समस्याहरू वा समाधान

समालोचनात्मक सोचाइ सीप (Critical thinking skill) (S1.4)

- प्रभावकारी तर्क गर्ने योग्यता
- पद्धति सोचको प्रयोग गर्ने योग्यता
- छानविन तथा निर्णय गर्ने योग्यता

निर्णय तथा समस्या समाधान सीप (Descision making and probem solving skill) (S1.5)

- विभिन्न स्रोतहरूबाट सूचना प्राप्त गर्ने योग्यता
- निश्चित उद्देश्यका लागि विश्वसनीयता एवम् उपयुक्तताका आधारमा विभिन्न स्रोतहरूमध्येबाट उपयुक्त स्रोत चयन गर्ने योग्यता
- सूचनाहरूको अभिलेखीकरण गर्ने, सङ्गठित गर्ने, सारांश निकाल्ने, एकीकृत गर्ने योग्यता
- विकल्प छनोट गरी निर्णय लिने र समस्या समाधान गर्ने योग्यता

**ख) वैयक्तिक सीपहरु (Intrapersonal Skills) (S2)**

वैयक्तिक सीपहरू विभिन्न किसिमका छन् । यसअन्तर्गत जिम्मेवारी एवम् प्रतिबद्धता विकास गर्नु, स्वव्यवस्थापन, आत्मबल/स्वाभिमानको विकास, इमान्दारी/स्वअनुशासन, समय व्यवस्थापन, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता जस्ता सीपहरू पर्दछन् । वैयक्तिक सीपहरूको विकासका लागि पाठ्यक्रमले बालबालिकाको संज्ञानात्मक विकास, सामाजिक तथा संवेगात्मक विकास, वाचन तथा भाषा विकास र कुशल क्रियात्मक सीप विकास गराउनु पर्दछ । वैयक्तिक सीपहरूले विद्यार्थीहरूलाई काम तथा क्रियाकलापहरूको जिम्मेवारी लिन, विभिन्न काम तथा क्रियाकलापहरूप्रति प्रतिबद्धता एवम् आत्मविश्वास प्रदर्शन गर्न, आफ्नो योग्यताको लेखाजोखा गर्न र आफ्नो जीवनको लक्ष्यबारे विचार व्यक्त गर्न सहयोग पुऱ्याउनुपर्दछ । आफ्नो हेरचाह गर्ने योग्यता, दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता, कार्ययोजना विकास गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्यहरू पहिचान गर्ने जस्ता स्वव्यवस्थापनसम्बन्धी सीपहरू यसअन्तर्गत पर्दछन् । त्यसै गरी यसअन्तर्गत आत्मबल तथा स्वाभिमानको विकास इमान्दारी/स्वअनुशासन व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलन, जिम्मेवारी एवम् प्रतिबद्धता जस्ता वैयक्तिक सीपहरू पर्दछन् । प्रमुख वैयक्तिक सीपहरू र तिनको व्याख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

मुख्य वैयक्तिक सीपहरू (Major intrapersonal skills)

सम्भाव्य व्याख्या (Possible explanation)

स्वव्यवस्थापन (Self management) (S2.1)

- आफ्नो हेरचाह गर्ने योग्यता
- दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता
- कार्ययोजना विकास गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्यहरू पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने योग्यता

आत्मबल/स्वाभिमानको विकास (Develop self-esteem/respect) (S2.2)

- एउटा व्यक्तिका रूपमा स्वयम्प्रति विश्वस्त हुने योग्यता

इमान्दारी/स्वअनुशासन (Integrity/honesty/self-descipline) (S2.3)

- स्वयम्को लेखाजोखा वा मूल्याङ्कन गर्ने, आफूले आफ्ना कार्यसम्पादनको मूल्याङ्कन गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र यसमा प्रत्युत्तर दिने योग्यता
- स्वअनुशासन र इमान्दारी प्रदर्शन गर्ने योग्यता

समय व्यवस्थापन (Time management) (S2.4)

- आफ्ना दैनिक क्रियाकलापमा समय व्यवस्थापन गर्ने योग्यता
- कार्यको प्राथमिकता निर्धारण गर्नसक्ने योग्यता

व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता (Personal goal setting and taking initiatives) (S2.5)

- दैनिक कार्यमा लक्ष्य निर्धारण गर्ने, कार्यमा अग्रसरता लिने योग्यता

स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (Independent lerning, flexibility and adaptability) (S2.6)

- विभिन्न साधन, सूचना तथा विधिको प्रयोग गरी आफैं सिक्ने योग्यता
- सिकाइ, कार्य वा व्यवहारमा परिस्थितिअनुकूल परिवर्तन तथा समायोजन गर्न सक्ने योग्यता

जिम्मेवारी एवम् प्रतिबद्धता (Responsibility and commitment) (S2.7)

- नयाँ एवम् कठिन परिस्थितिहरूमा सहयोग पुऱ्याउने वैयक्तिक गुणहरू विकसित गर्ने योग्यता, उदाहरणका लागि पहल गर्ने, लचकदार बन्ने, विश्वसनीय बन्ने, कठिनाइहरू उत्पन्न भएका बेला दृढ रहने

**ग) अन्तरवैयक्तिक सीपहरु (Interpersonal Skills) (S3)**

अन्तरवैयक्तिक सीपले एक व्यक्तिले अर्को व्यक्तिसँग प्रभावकारीरुपमा सञ्चार र समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुनु, असल सम्बन्ध कायम गर्नु भन्ने जस्ता योग्यतालाई जनाउँछ । यसमा फरक फरक लक्ष्य र उद्देश्यका विविध सन्दर्भमा अरूसँग कार्य गर्ने, सामूहिक लक्ष्य पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने, समूहमा जिम्मेवारी पहिचान गर्ने र भूमिका बाँडफाँड गर्ने, समूहमा राम्रो सम्बन्ध विकास गर्ने, समूहका प्रगतिको लेखाजोखा गर्ने, समूहको कार्यको समीक्षा गर्ने र व्यक्तिगतरुपमा आफ्नो योगदानको प्रतिविम्बन गर्ने जस्ता पक्षहरू समावेश हुन्छन् । अन्तरवैयक्तिक सीपहरूमध्ये सञ्चार एउटा ज्यादै महत्त्वपूर्ण सीप हो । सुन्न र बोल्न सक्ने योग्यता आधारभूत सञ्चार सीपहरू हुन् । यी सीपहरू कक्षा १, २, ३, ४, ५, ६, ७ र ८ का विद्यार्थीहरूमा विद्यालयमा रहँदा विकसित हुनुपर्दछ । जबसम्म विद्यार्थीहरूले आफ्नो स्थानीय वा राष्ट्रिय भाषामा सञ्चार गर्न सक्दैनन् तबसम्म उनीहरूले आफ्ना जीवनका लक्ष्यहरू प्राप्त गर्न र आफ्नो ज्ञान एवम् सामर्थ्य विकास गर्न तथा आफ्नो दैनिक जीवनमा काम गर्न समर्थ हुँदैनन् ।

सञ्चार सीपहरूले बालबालिकालाई संवेगात्मक बौद्धिकता, स्थिरता, स्पष्टता, भिन्नता, आत्मविश्वास, सहानुभूति, आदर, सुन्ने, खुला सोच र राम्रो प्रश्न सोध्ने सीप विकास गर्दछ । असल सञ्चार भनेको समग्रमा प्रभावकारी सुनाइ हो । बालबालिकाहरूले विद्यालय अवधिभर खुला सोच विकास गर्नुपर्दछ ।

सुदृढ सञ्चारका लागि एउटा व्यक्ति खुला मस्तिष्कसहित अन्य व्यक्तिका दृष्टिकोण बुझ्नेतर्फ प्रतिबद्ध हुनुपर्दछ । व्यक्तिको जीवन तथा कार्यका प्राय: सबै पक्षहरूमा सहकार्य सीपहरूको आवश्यकता पर्दछ । हिजोआज व्यापार उद्योगमा वा कुनै कार्यका लागि सँगसँगै मिलेर समूहमा काम गर्न केही संयुक्त प्रयास हुनुपर्दछ भन्ने कुराले प्रवेश पाएको छ । कामको संसारमा अधिकांश क्षेत्रमा सहयोग तथा सहकार्यलाई एउटा आवश्यक सीपका रुपमा हेरिन्छ । विद्यार्थीहरूले परियोजना तथा खोजमूलक सिकाइमा आफूलाई व्यस्त राख्नुपर्दछ र सामाजिक परिवेशमा आफ्ना ज्ञान एवम् समस्या समाधानका सीपहरू प्रयोग गर्न सक्नुपर्दछ । सहकार्य सीपले विद्यार्थीहरूलाई उनीहरूको साझा लक्ष्यहरू हासिल गर्न सँगै मिलेर सहयोगीरुपमा काम गर्न मद्दत गर्दछ । जब बालबालिकाहरू एकआपसमा मिलेर सिक्ने प्रक्रियामा रहन्छन् तब उनीहरू कुनै समस्या समाधानका लागि मिलेर काम गर्दछन् । यसबाट उनीहरूले कुनै काम पूरा गर्न वा कुनै उत्पादन गर्न सक्दछन् । सहयोगी सिकाइ वातावरणमा सिकारुका अलग अलग दृष्टिकोणले सुन्नुपर्ने हुँदा सिकारुले सामाजिक एवम् संवेगात्मक दुवै पक्षबाट चुनौतीहरूको सामना गर्नुपर्दछ र आफ्ना विचारहरूलाई स्पष्ट पार्न र प्रतिरक्षा गर्न सक्नुपर्दछ । यसोगर्दा सिकारुले विज्ञ वा शिक्षकहरूले दिएको प्रारूप वा ढाँचामा भर नपरी आफ्नै विशेष प्रकारका धारणागत प्रारूपहरू सिर्जना गर्न थाल्छन् । यसभन्दा बढी सहकार्य गर्दा साझा सिकाइले सिकारुलाई छलफलमा भाग लिने आवसरहरू दिने, आफ्ना सिकाइको जिम्मेवारी लिने र यसअनुरुप गहन सोच गर्ने व्यक्तिका रुपमा विकसित गर्दछ । बालबालिकाहरूमा सञ्चार र सहकार्य सीपसँगसँगै सहयोग तथा सहानुभूति, सक्रियतापूर्वक सुन्ने र सांस्कृतिक तथा नैतिकता जस्ता अन्तरवैयक्तिक सीपहरूको विकास पनि उत्तिकै आवश्यक छ । प्रमुख अन्तरवैयक्तिक सीपहरू र तिनको व्यख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १८ : मुख्य अन्तरवैयक्तिक सीपहरू

मुख्य अन्तरवैयक्तिक सीपहरू (Major interpersonal skills)

सम्भाव्य व्याख्या (Possible explanation)

सञ्चार (Communication) (S3.1)

- सामाजिक अन्तरक्रियाहरू वा सामाजिक अन्तरक्रियात्मक सन्दर्भमा आफ्नो एवम् अरूका संवेगहरू, अभिप्रेरणा र व्यवहारहरूलाई अध्ययन गर्न एवम् व्यवस्थित गर्न सक्ने योग्यता
- प्रचलित विभिन्न साधनहरूको प्रयोग तथा स्थानान्तरणको माध्यमबाट विचार आदानप्रदान गरी अर्थ पहिल्याउने योग्यता
- आधारभूत विद्युतीय सञ्चार सीपहरूको घरपरिवार एवम् कार्यस्थलमा प्रयोग गर्ने योग्यता

सहकार्य (Collaboration) (S3.2)

- समस्या हल गर्ने, नवीन उत्पादन गर्ने अथवा विषयवस्तु सिक्ने र सक्षमता हासिल गर्ने, सँगै काम गरेका दुई वा दुईभन्दा बढी व्यक्तिहरूबिच सहयोगात्मक अन्तरक्रिया गर्ने योग्यता
- विभिन्न सन्दर्भमा अलग अलग उद्देश्यहरू एवम् लक्ष्यहरू लिएका व्यक्तिसँग मिलेर काम गर्ने योग्यता
- सामूहिक लक्ष्यहरूको पहिचान, मूल्याङ्कन तथा प्राप्त गर्ने योग्यता
- समूहमा जिम्मेवारी पहिचान गरी भूमिका बाँडफाँड गर्ने योग्यता
- समूहमा राम्रो सम्बन्ध विकासित गर्ने योग्यता
- समूहको कामको प्रगति जाँच गर्ने, पुनरवलोकन गर्ने र व्यक्तिगतरुपमा आआफ्नो योगदानबारे प्रतिविम्बन गर्ने योग्यता

सहयोग तथा सहानुभूति (Cooperation and empathy) (S3.3)

- कुनै घटना, कार्य, अवस्था र नतिजाका आधारमा आवश्यकतानुसार कुनै व्यक्तिलाई सहयोग तथा सहानुभूति प्रदान गर्ने योग्यता

सक्रियतापूर्वक सुन्ने (Active listening) (S3.4)

- अरूका विचार, दृष्टिकोण, सूचना तथा जानकारी सक्रियतापूर्वक सुन्ने र बुझ्ने र तदनुकूल आवश्यक प्रतिक्रिया जनाउने योग्यता

सांस्कृतिक सीपहरू/नैतिकता (Cultural skills/ethics) (S3.5)
- सांस्कृतिक विविधता पहिचान गर्ने योग्यता
- विश्वव्यापी मुद्दाहरूमा दृष्टिकोण विकास गर्ने योग्यता
- प्रजातान्त्रिक समाज निर्माण गर्न बौद्धिक योग्यताहरू विकास गर्ने योग्यता

**घ) सूचना प्रविधि तथा बहुसाक्षरता सीपहरु (Information technology and multiliteracy skills) (S4)**

एक्काइसौँ शताब्दीमा सफलता पाउन विद्यार्थीहरूले विज्ञान, प्रविधिका साथै संस्कृतिमा कुशलता प्राप्त गर्नुपर्दछ । त्यस्तै विभिन्नरुपमा सूचनाहरूको राम्रो बुझाइ हुनुपर्दछ । त्यस्तै विद्यार्थीहरूले विविध वातावरणको व्यवस्थापन, संस्कृतिहरूको ज्ञान, एउटा विश्वव्यापी सोच, प्रभावकारी समाधान, सिक्नका लागि जिज्ञासु, सफलतापूर्वक बाह्य जगत्‌बाट चिन्तन गर्ने, सञ्चार सीपहरू र विश्लेषणलाई बुझ्न सक्ने जस्ता विभिन्न सीपहरू विकसित गर्नुपर्दछ । बालबालिकाहरूले विद्यालयमा रहँदा नै डिजिटल साक्षरताको सामान्य सक्षमता हासिल गर्नुपर्छ । प्रमुख बहुसाक्षरता सीपहरू र तिनको व्यख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १९ : मुख्य बहुसाक्षरता सीपहरू

मुख्य बहुसाक्षरता सीपहरू (Major Multiliteracy skills)

सम्भाव्य व्याख्या (Possible explanation)

आधारभूत साक्षरता (Basic literacy) (S4.1)
- उपयुक्त तहको भाषागत (स्थानीय एवम् राष्ट्रिय भाषाहरूमा) एवम् सङ्ख्यात्मक दक्षता विकास गरी आफ्नो पेसा वा कार्य सम्पादन गर्न सक्ने तथा समाजमा आफ्नो लक्ष्य प्राप्त गर्ने र हालको डिजिटल युगसापेक्ष आफ्नो ज्ञान एवम् क्षमता प्राप्त गर्ने योग्यता

प्राविधिक साक्षरता (Technological literacy) (S4.2)
- प्रविधि के हो, यसले कसरी काम गर्दछ, यसले के के उद्देश्यहरू पूरा गर्न सक्छ र यसलाई कसरी कुशल एवम् प्रभावकारीरुपमा उद्देश्य प्राप्त गर्न प्रयोग गर्ने योग्यता

दृश्य साक्षरता (Visual literacy) (S4.3)
- परम्परागत एवम् एक्काइसौँ शताब्दीको सञ्चार माध्यम प्रयोग गरी निर्णय, सञ्चार र सिकाइमा तस्बिर/छवि र दृश्य सामग्रीको प्रयोग, व्याख्या एवम् सिर्जना गर्न सक्ने योग्यता

सूचना साक्षरता (Information literacy) (S4.4)
- प्रविधि, विभिन्न सञ्चार सञ्जाल र विद्युतीय स्रोतहरूको प्रयोग गरी विभिन्न सञ्चार माध्यमहरूका सूचनाहरूको मूल्याङ्कन, सूचनाको आवश्यकता पहिचान, सूचनाहरू पत्ता लगाउने, संश्लेषण गर्ने र प्रभावकारी तरिकाले प्रयोग गर्ने योग्यता

बहुसांस्कृतिक साक्षरता (Multi-cultural literacy) (S4.5)
- आफ्नै र अन्यको संस्कृति, चालचलन, मूल्य एवम् विश्वासबारे समानता एवम् भिन्नता बुझ्ने, सम्मान एवम् प्रशंसा गर्ने योग्यता

**ङ) नागरिक सीप (Citizenship Skills) (S5)**

शिक्षाको एउटा उद्देश्य बालबालिकामा नागरिक अधिकार र दायित्वप्रति सचेतता विकास गराई नागरिक अधिकार प्राप्ति र दायित्व कुशलतापूर्वक निर्वाह गर्ने नागरिकका रुपमा विकास गर्न सहयोग गर्नु हो । यसका लागि विद्यालय शिक्षाका प्रारम्भिक कक्षादेखि नै नागरिक शिक्षालाई विभिन्न विषयमा एकीकृत गर्नुपर्दछ । यसअन्तर्गत लोकतन्त्रिक मूल्य र मान्यता, सहभागिता, सहनशीलता र खुलापन, विविधताको बोध र सम्मान, राष्ट्रिय पहिचान, समाज, भाषा, संस्कृति र राष्ट्रप्रति प्रेम र अपनत्व, व्यक्तिगत, समाजिक तथा नागरिक दायित्व र जिम्मेवारी वहन गर्ने लगायत विश्वव्यापी चेतनाको विकास गराउनुपर्दछ । एउटा असल नागरिकको विकासका लागि विभिन्न विषयमा एकीकृत गरी नागरिक सीपहरूसँग सम्बन्धित सीपहरूमा विद्यार्थीमा सक्षमताहरू हासिल गराउनुपर्दछ । प्रमुख नागरिक सीपहरू र तिनको व्याख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

मुख्य नागरिक सीपहरू (Major citizenship skills)

सम्भाव्य व्याख्या (Possible explanation)

सहनशीलता र खुलापन (Tolerance and openness) (S5.1)

- परिवार तथा समुदायका प्रचलन तथा मान्यताहरूलगायत अन्य मान्यता तथा अभ्यासप्रति सकारात्मक रहने क्षमता
- आफ्ना विचार, मान्यता र अभ्यासलाई पारदर्शी बनाउने, अरूको प्रतिक्रिया सुन्ने र आवश्यकताअनुसार स्विकार्ने क्षमता

विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ (Respect for diversity and intercultural understanding) (S5.2)

- स्थानीय सांस्कृतिक वातावरण तथा विविधता बुझ्ने क्षमता
- विभिन्न दृष्टिकोणहरू तथा विविधताको सम्मान गर्ने क्षमता

लोकतन्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (Democratic, participatory and equitable value) (S5.3)

- कुनै कार्यमा सहभागी हुन, फरक विचारप्रति सहिष्णु हुन, कार्य तथा सहभागितामा समतालाई प्रोत्साहन गर्न र आफ्नो र अरूको अधिकार तथा स्वाभिमान कायम राख्ने क्षमता

वातावरणप्रतिको सजगता र सम्मान (Awarness of and respect for the environment) (S5.4)

- कुनै कार्य वा व्यवहार प्रदर्शनका क्रममा भौगोलिक तथा सामाजिक सांस्कृतिक वातावरणको अनुकूलनलाई ध्यान दिने क्षमता

राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (National identity and sense of belonging) (S5.5)

- आफ्नो समुदाय, भाषा, संस्कृति तथा राष्ट्रिय पहिचानप्रति सजक रही सम्मान गर्ने र अपनत्वको अनुभूति गर्ने क्षमता

सामाजिक एवम् नागरिक जिम्मेवारी (Social and civic responsibility) (S5.6)

- सार्वजनिक वस्तुहरूको अभिवृद्धि एवम् समाज, वातावरण र प्रजातान्त्रिक आदर्शको सुरक्षा गर्ने गरी प्राविधिलाई व्यवस्थित गर्ने योग्यता

वैयक्तिक जिम्मेवारी (Personal responsibility) (S5.7)

- एउटा नागरिकका रुपमा, परिवार एवम् समुदायको सदस्यका रुपमा अनुशासित, इमानदार भई र गुणस्तरीय जीवनप्राप्त गर्ने योग्यता

## ६. पाठ्यक्रमको एकीकृत स्वरुप

विषयगत सक्षमताहरू, विषयगत सिकाइ उपलब्धिहरू र विषयवस्तुको क्षेत्र र क्रमका आधारमा विषयवस्तुलाई अन्तरसम्बन्धित हुने गरी निम्नलिखित स्वरूपमा कक्षा १-८ को पाठ्यक्रमलाई एकीकृत गरी प्रस्तुत गरिएको छ :

१. समग्र पाठ्यक्रमको एकीकृत संरचना तयार गर्दा यो स्थानीय पाठ्यक्रम बहुविषयक ढाँचामा प्रस्तुत गरिएको छ ।
२. उल्लिखित विषयक्षेत्रको पाठ्यक्रम संरचनाअन्तर्गत समावेश हुनसक्ने व्यवहारकुशल सीपहरू पहिचान गरी प्रत्येक कक्षा र विषयक्षेत्रमा एकीकृत गर्ने गरी पाठ्यक्रमको समग्र संरचना तयार गरिएको छ ।
३. समग्र पाठ्यक्रमको संरचना बहुविषयक ढाँचाको एकीकृत स्वरुपको रहेको छ । यसमा व्यवहारकुशल सीपहरूलाई सबै कक्षा र विषयक्षेत्रमा उपयुक्तताका आधारमा एकीकृत गरिएको छ ।

## ७. कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण

कक्षा १-८ को स्थानीय पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण गरी विषयक्षेत्र अनुसार निम्नअनुसार सङ्गठित गरिएको छ :

### ७.१ विषय विस्तृतीकरण (कक्षा १)

| विषय क्षेत्र | सिकाइ उपलब्धि /विशिष्ट उद्देश्य | विस्तृतीकरण ( सिकाइ उपलब्धि/ विषयवस्तु | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १.म र हाम्रो फालेलुङ गाउँपालिका | १. आफू र आफ्नो परिवारको सदस्यहरुको नाता बताउन | क)आफ्नो र परिवारको सदस्यहरुको नाम<br>ख) परिवारको सदस्यहरु बीचको सम्बन्ध बताउन | क)आफ्नो र परिवारको सदस्यहरुको नाम भन्न लगाउने<br>उदाहरण :<br>प्रश्न : तपाईंको आमाको नाम के हो ?<br>उत्तर : मेरो आमाको नाम कृष्णमाया हो ।<br>ख) परिवारको सदस्यहरु बीचको सम्बन्ध वा नाता भन्न लगाउने<br>उदाहरण :<br>प्रश्न : तपाईंको आमाको भाइलाई तपाईं के भन्नुहुन्छ ?<br>उत्तर : मामा । | क) तपाईंका नाम के हो ?<br>ख) तपाईंका आमाको नाम के हो ?<br>ग) तपाईंका बाबुको नाम के हो ?<br>घ) तपाईंका बहिनीको नाम के हो ?<br>ङ) तपाईंको बाजेको नाम के हो ?<br>च) तपाईंको भान्जीको नाम के हो ?<br>छ) तपाईंको बाजेको छोरालाई तपाईं के भन्नुहुन्छ ?<br>इत्यादि । | ३० |
| | २.आफ्नो गाउँको परिचय दिन | क) आफ्नो गाउँको नाम<br>ख) आफ्नो गाउँको ठेगाना बताउन | क. आफ्नो गाउँको नाम भन्न लगाउने<br>उदाहरण :<br>प्रश्न : तपाईंको गाउँको नाम के हो ?<br>उत्तर : मेरो गाउँको नाम थकेपुङ् हो ।<br>ख. आफ्नो गाउँको ठेगाना भन्न लगाउने | क) तपाईंको गाउँको नाम के हो ?<br>ख) तपाईंको गाउँको ठेगाना के हो ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उदाहरण :<br>प्रश्न : तपाईंको गाउँको ठेगाना के हो ?<br>उत्तर : मेरो गाउँ फालेलुङ गाउँपालिकाको वडा नं. ३ मा छ । | | |
| | ३. फालेलुङ गाउँपालिकाको अतिसामान्य परिचय दिन | फालेलुङ गाउँपालिकाको अतिसामान्य परिचय | फालेलुङ गाउँपालिकाको चित्र वा चलचित्र प्रदर्शन गर्दैः-<br>-पालिकाको नाम<br>-वडा (सङ्ख्या)<br>-सिमानाबारे छलफल | क) तपाईंको गाउँपालिकाको नाम के हो ?<br>ख) फालेलुङ गाउँपालिकामा जम्मा कतिवटा वडाहरू छन् ? ? | |
| | ४. फालेलुङ गाउँपालिकाको जातिगत बनावटको अतिसङ्क्षिप्त परिचय दिन | फालेलुङ गाउँपालिकाको विभिन्न जातजातिहरू | फालेलुङ गाउँपालिकाको जातजातिहरूको तथ्याङ्क उपर छलफल | क) फालेलुङ गाउँपालिकाको जम्मा जनसङ्ख्या कति छ ? | |
| २. भाषा, साहित्य, संस्कृति, कला र परम्परा | १. याक्खा भाषाको सङ्क्षिप्त परिचय | १. याक्खा भाषाको स्वर वर्ण बताउन<br>२. याक्खा भाषाको व्यञ्जन वर्ण बताउन<br>३. याक्खा भाषाको भाषा परिवार बताउन<br>४. याक्खा भाषामा आफ्नो नाम भन्न<br>५. याक्खा भाषामा अरूको नाम सोध्न<br>६. याक्खा भाषामा अभिवादन गर्न<br>७. याक्खा भाषामा धन्यवाद दिन | क) याक्खा लिपिको प्रदर्शन र वाचन<br>ख) याक्खा भाषा परिवारबारे छलफल<br>ग) याक्खा भाषामा आधारभूत कुरा ( आफ्नो परिचय भन्न, अभिवादन/ धन्यवाद, दिन, इत्यादि) गर्न ।<br>घ) याक्खा भाषा कुन लिपिमा लेखिन्छ भन्नेबारे छलफल<br><br>(*प्रतिबिम्बित कक्षा* ४) | क) याक्खा भाषा कुन भाषा परिवारमा पर्दछ ?<br>ख) याक्खा भाषामा आफ्नो नाम भन्नुहोस् । | १९ |
| | २. याक्खा साहित्यको अति सङ्क्षिप्त परिचय दिन | १. याक्खा साहित्यबारे बताउन | याक्खा भाषामा रचित साहित्यको छलफल र प्रदर्शन | याक्खा भाषामा रचित साहित्यको एउटा उदाहरण दिनुहोस् । | |
| | ३. याक्खा संस्कृतिको | याक्खा संस्कृतिमा आधारित | क) याक्खा संस्कृति झल्काउने चित्र वा | क) याक्खा जातिले मान्ने चाडपर्वहरू के | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सङ्क्षिप्त परिचय दिन | १. चाडपर्वहरू,<br>२. पोसाकहरू र<br>३. गरगहनाहरू | भिडियो प्रर्दशन गर्ने<br>ख) याक्खा संस्कृतिमा आधारित चाडपर्वहरूको नाम भन्न लगाउने ।<br>ग) याक्खा संस्कृतिमा आधारित चाडपर्वहरूमा सहभागी हुन प्रेरित गर्ने<br>घ) याक्खा संस्कृतिमा आधारित पोसाकहरूको नाम भन्न लगाउने<br>ङ) याक्खा संस्कृतिमा आधारित गरगहनाहरू | के हुन् ?<br>ख) याक्खा जातिले लगाउने पोशाकहरूको नाम भन्नुहोस् ।<br>ग) याक्खा जातिले लगाउने गरगहनाहरू के के हुन् ? | |
| | ४. याक्खा जातिको कला र परम्पराको सङ्क्षिप्त परिचय दिन | १. याक्खा जातिको कला र परम्परा | क) विद्यार्थीहरूसँग याक्खा मातृगीतसम्बन्धी छलफल गर्ने<br>ख) विद्यार्थीहरूसँग याक्खा परम्परासम्बन्धी छलफल गर्ने | क) एउटा याक्खा गीत गाउनुहोस् । | |
५. सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सीपहरू; स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता अन्तरवैयक्तिक सीपहरू; सञ्चार, सहकार्य, सहानुभूति जस्ता वैयक्तिक सीपहरू र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सीप प्राप्तिलाई सहयोग गर्नुपर्छ ।
६. विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ ।
७. विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रुपमा विकास गर्नुपर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरको सिकाइ गर्नसक्ने बनाउन सहयोग गर्नुपर्छ ।
८. यथाशक्य यो तहमा कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ । यसो गर्नाले बहुविषयहरुको लम्बीय अन्तरसम्बन्धलाई सरल र सहज बनाउन मद्दत गर्दछ ।

## १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुसरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइसहजीकरण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरुपलगायत उपलब्ध हुनसक्ने स्रोत साधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई समेत विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा १-८ को यो स्थानीय पाठ्यक्रम समग्रमा बहुविषयक विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । एकीकृत पाठ्यक्रममा विभिन्न विषयगत क्षेत्रहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक विषयक्षेत्रहरूबीचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्नो सिकाइ अनुभवको उपयोग गरी सङ्गठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड

दिनुपर्छ । यसका लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबीच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी एकीकृत सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण तरिकाले अन्तरसम्बन्धित गरी एकीकृत पाठ्यक्रम निर्माण गर्ने प्रयास भएकाले विभिन्न विषयक्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषयक्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ । प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहार कुशल तथा जीवनोपयोगी सीप आर्जन गर्नसक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

### १०.१ सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन

कक्षा १-८ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :

१. बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्ररुपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्नेछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्नेछ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्नेछ । यसका अतिरिक्त अवलोकन, क्षेत्र भ्रमण, समूह कार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्नेछ ।

२. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्नेछ ।

३. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

४. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमाभन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्नेछ ।

५. शिक्षकले व्यवस्थापक, सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रुपमा भूमिका निर्वाह गर्नुपर्नेछ ।

६. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्नेछ ।

७. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्नेछ ।

८. भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुनसक्ने वातावरण तयार गर्नुपर्नेछ ।

९. सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बीचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्नेछ ।

१०. सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास, व्यवहारकुशल सीप र सिकाइबीचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्नेछ ।

११. बालकेन्द्रित, सिकाइ केन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्नेछ ।

१२. सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्नेछ ।

१३. सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

१४. शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्नेछ ।

१५. सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सीप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्नेछ ।

१६. एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गतिबमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्नेछ । विषयक्षेत्रको प्रकृति र स्वरुपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारुअनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्नभिन्न ढङ्गले व्यवस्थापन गर्न सकिन्छ ।

१७. सिकाइ प्रक्रियामा आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ ।

१८. विद्यार्थीअनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेशअनुकूलका विधि तथा प्रविधिको प्रयोग आवश्यक हुन्छ ।

### १०.२ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. विषयवस्तुको स्वरुप : विषयवस्तुको स्वरुपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. बालमनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

४. स्रोत साधनहरूको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुनसक्ने हुनुपर्छ ।

५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र

शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

७. शिक्षकको योग्यता, क्षमता र रुचि : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

८. स्थानीयता तथा उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

### १०.३ विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. आगमन विधि : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

२. निर्माणात्मक कक्षा : यस विधिमा मस्तिष्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

३. सहयोगात्मक कक्षा : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

४. परियोजना कार्य : विद्यार्थीको उमेर, स्तर र विषयको प्रकृतिअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

५. छलफल र प्रश्नोत्तर : यसमा शिक्षक-विद्यार्थी, विद्यार्थी-शिक्षक, विद्यार्थी-विद्यार्थीबीचमा प्रश्नोत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वानभन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्त्यमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

६. अन्वेषण, अनुसन्धान तथा खोज : यसमा समस्या वा प्रश्नको प्रस्तुति गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

७.. प्रविधियुक्त कक्षा : मोबाइल, ल्यापटप, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको श्रव्याङकन तथा दृश्याङ्कन गर्न सकिन्छ ।

८.. सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, स्थानीय कच्चा पदार्थको प्रयोगसँग सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

९. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१०. खेल विधि : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

११. प्रयोगात्मक विधि : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१२. भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१३. प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१४. स्वाध्ययन तथा छलफल : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट,

अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबीच छलफल गराउन सकिन्छ।

१५. अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ।

१६. उदाहरण र प्रयोग : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ।

१७. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ।

## ११. विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १–८ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ। यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रुपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ। यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ। आधारभूत तहको कक्षा १–८ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ।

आधारभूत तहको कक्षा १–८ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार विभिन्न विषयहरुमा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिनेछ। त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ। यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ।

नोट :- विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रम विकास केन्द्रले समयसमयमा व्यवस्था गर्ने मूल्याङ्कन विधि र प्रक्रिया वा ढाँचालाई अनुसरण गरिनेछ।

### ११.१ सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रुपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ। यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ। कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रुपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन

अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रुपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनुपर्दछ । निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–८ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रुपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ :-

१) शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु, र

२) पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ ।

कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुनेछ ।

### ११.२ मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-८ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रुपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-८ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्नेछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिनेछ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुनेछ ।

कक्षा १-८ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुनेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहार कुशल सीपमा प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रुपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

### ११.३ मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरुप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचिजस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरुपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रुपमा लिन सकिन्छ :-

१) विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने

२) एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन

गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरुपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

कक्षा १–८ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन् :

विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू :

१ कक्षा सहभागिता अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन

२ मौखिक कार्य प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री

३ लिखित कार्य प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री

४ परियोजना तथा प्रयोगात्मक कार्य रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न

५ कार्य सम्पादन तथा प्रदर्शन अवलोकन, रुजु सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न

६ सहपाठी मूल्याङ्कन अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम

७ स्वमूल्याङ्कन रुजू सूची, श्रेणी मापन, फाराम

८ अभिभावकको प्रतिक्रिया रुजु सूची, श्रेणी मापन, फाराम

९ कुराकानी, छलफल अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिकरुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि आंशिकरुपमा हासिल गरेको |
| उच्च (Advance) | ४ | माथिल्लोस्तरको उपलब्धिसमेत हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रुपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटकपटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइपछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइ क्षेत्रको

औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सीपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुनेछ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

## ११.४ अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरुपअनुरुप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

१) दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठूलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।

२) दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रुपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।

३) दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।

४) कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।

५) शारीरिकरुपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरुपअनुरुपको वैकल्पिक प्रबन्ध गर्ने ।

६) बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

## १२. शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

नेपालमा बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले यहाँ विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । नेपालका प्रायजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्दछन् । नेपालमा धेरै प्रकारका भाषा बोलिने भएकाले धेरैजसो विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था

रहेको छ । विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो वा तेस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सीप उनीहरूले सहजरुपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा निरसता सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमितरुपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषा सिकाइको सकारात्मक प्रभाव पर्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । यसरी प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनाका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो वा तेस्रो) भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिँदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनाका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सीप सङ्क्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा समुदायमा बोलिने भाषाबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न र दुई वा बहुभाषी विद्यार्थी भएका कक्षामा सिकाइ सहजीकरणका लागि दुई वा बहुभाषाको प्रयोग हुनसक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुनेछ ।

समग्रमा प्रारम्भिक तहमा पढाइ र सिकाइको विकासका लागि माध्यम भाषाको निर्धारण निम्नानुसारका प्रचलित सिद्धान्तहरूका आधारमा गर्नुपर्दछ :

१) पढाइ सीप विकास, विषयवस्तु बोध र पठन प्रवाह विकासका लागि बालबालिकाको पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ । बालबालिकालाई उनीहरूको मातृभाषामा साक्षरता सिकाउनु सबैभन्दा उपयुक्त हुन्छ । मातृभाषा बालबालिकाले राम्ररी बुझ्छन् र उपयुक्त गतिमा बोल्न सक्छन् । बालबालिकाले भाषा राम्ररी नबुझेसम्म अर्थपूर्ण सिकाइ सम्भव हुँदैन ।

२) भाषिक सीपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ । बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु उपयुक्त मानिँदैन । बालबालिकालाई अपरिचित भाषामा सिक्न बाध्य पारियो भने उसले एकातिर नयाँ भाषा सिक्नुपर्ने र सँगसँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नुपर्ने हुन्छ । अतः बालबालिकालाई पूर्ण रूपले अपरिचित भाषा सिक्न दबाब दिइयो भने बुझाइमा कठिनाइ भई सिकाइबाट अलग हुन जाने अवस्था पनि आउँछ । यसो गर्नु भनेको बालबालिकालाई सिकाइको अवसरबाट वञ्चित गर्नुसरह हुन्छ ।

३) पहिलो भाषामा सिकेका सीप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ । एउटा भाषामा सिकेका साक्षरताका सीपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरण गर्न सकिन्छ ।

४) भयरहित तथा बालमैत्री वातावरणमा सिकाउन सकियो भने बालबालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा बढी भाषा बोल्न र बुझ्न सक्छन् । आवश्यक भएमा आधारभूत तहको शिक्षाको पहिलो पाँच वर्षभित्र बिस्तारै पहिलोबाट दोस्रो भाषा क्रमागत रूपले सङ्क्रमण गराउनु प्रभावकारी हुन्छ भने आवश्यकतानुसार माथिल्ला कक्षाहरूमा तेस्रो भाषामा सङ्क्रमण गराउन सकिन्छ ।

५) कम्तीमा बालबालिकालाई ५ वर्षदेखि ८ वर्षको उमेरसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त मानिन्छ । प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः मातृभाषाबाट स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा बनाउन सकिने हुन्छ । तेस्रो भाषा अङ्ग्रेजीलाई सामान्यतया आधारभूत तहमा माध्यम भाषाका रुपमा प्रयोग गर्नु विषयवस्तु सिकाइ र भाषा सिकाइ दुवै दृष्टिले उपयुक्त नहुने भएकाले मातृभाषा, स्थानीय वा नेपाली भाषालाई माध्यम भाषाका रुपमा प्रयोग गर्न सकिनेछ । यस तहमा आवश्यकताअनुसार पहिलो भाषाबाट दोस्रो र माथिल्ला कक्षाहरूमा दोस्रो भाषाबाट

तेस्रोमा सङ्क्रमण गराउन सकिनेछ । यसो गर्नाले विषयवस्तु सिकाइका साथै दोस्रो र तेस्रो भाषाको सिकाइ पनि सहज हुनेछ ।

उल्लिखित सन्दर्भसमेतका आधारमा विद्यालयतहको पठनपाठनको माध्यम चयन गर्नुपर्ने हुन्छ । आधारभूत तहमा पाठ्यसामग्री र पठनपाठनका लागि माध्यम भाषाको व्यवस्था निम्नअनुसार हुनेछ :

१. विद्यालय शिक्षाअन्तर्गत आधारभूत तह कक्षा १-५ मा भाषा विषयबाहेक अन्यमा पाठ्यसामग्री तथा सिकाइ सहजीकरण प्रक्रियाका लागि माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुनेछ, तर प्राविधिक विषयका लागि भने अङ्ग्रेजीलाई माध्यम भाषा बनाउन पनि सकिनेछ । बहुमातृभाषी विद्यार्थीहरू समावेश भएका कक्षामा पाठ्यसामग्री जुन भाषामा भए पनि बहुभाषी शिक्षक उपलब्ध भएसम्म कक्षाकोठाको शिक्षण सिकाइमा बहुभाषा प्रयोग गर्नु उपयुक्त हुनेछ ।

२. आधारभूत तहको कक्षा ६-८ पनि मातृभाषा, स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा बनाउन प्रोत्साहित गरिने भए पनि प्राविधिक विषयका लागि अङ्ग्रेजीलाईसमेत माध्यम भाषा बनाउन पनि सकिनेछ ।

३. प्रारम्भिक बालशिक्षाका लागि भने कक्षाकोठामा मातृभाषा वा नेपाली भाषा नै प्रयोग गर्नुपर्ने छ भने बहुमातृभाषी विद्यार्थीहरू समावेश भएको अवस्थामा बहुभाषा प्रयोग गरी बालबालिकालाई क्रियाकलापमा सरिक गराउनु उपयुक्त हुनेछ ।

४. विद्यालय तहको पठनपाठनका लागि सम्भव भएसम्म उल्लिखित माध्यम भाषामै लेखिएका पाठ्यसामग्री प्रयोग गर्नुपर्दछ ।

## १३. पाठ्यक्रम कार्यान्वयन योजना

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन सहज रेखीय पद्धतिका रुपमा नभई अन्तरसम्बन्धित चक्रका रूपमा रहने गर्दछ । पाठ्यक्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँग छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरूसमेतलाई उपयुक्तताका आधारमा समावेश गरी फालेलुङ गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार पारेको छ ।

यो पाठ्यक्रम कार्यान्वयन गर्न विद्यालय तथा शिक्षकका लागि आवश्यक पर्ने पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक, अभ्यासपुस्तिका, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीहरू विकास गरी तिनको परीक्षण तथा सुधार गर्नु आवश्यक छ भने अर्कातिर नयाँ विषयवस्तु र सिकाइ प्रक्रियामा निपूर्ण हुने गरी शिक्षकको विकास र छनोट गर्नु पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनिवार्य छ । यसले विद्यमान शिक्षक तयारी र शिक्षक पेसागत विकास कार्यक्रममा परिमार्जन आवश्यक देखाएको छ । त्यसै गरी पाठ्यक्रमको नयाँ ढाँचाअनुसारको शिक्षण सिकाइ कार्य सञ्चालन गरी विद्यार्थीमा अपेक्षित सक्षमता हासिल गराउनका लागि शिक्षण सिकाइ विधि तथा प्रक्रियामा सुधार गरी क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित बनाइनु आवश्यक छ भने विद्यार्थीको मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइका रुपमा र सिकाइका लागि उपयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-८ को यो स्थानीय पाठ्यक्रम कार्यान्यनको तालिका यहाँ प्रस्तुत गरिएको छ ।

शैक्षिक वर्ष २०८१ र २०८२ : कक्षा १, २, ३, ४, ५, ६, ७ र ८ सबै कक्षामा कार्यान्वयन हुने ।

खास गरी शिक्षक तयारी र विकास, शिक्षण सिकाइका लागि विद्यालय तथा कक्षाकोठाको सिकाइ वातावरण सुधार र स्थानीय तहमा पाठ्यक्रम कार्यान्वयनका लागि सहायता पद्धतिको विकास आवश्यक हुन्छ । यसका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन, जनशक्तिको व्यवस्था, शिक्षक तयारी र विकास, शिक्षकका लागि आवश्यक उत्प्रेरणा तथा उत्तरदायित्व पद्धतिको विकास आवश्यक छ । यसप्रकार पाठ्यक्रम कार्यान्यिन योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विद्यार्थीको सिकाइलाई केन्द्रविन्दुमा राखिनु पर्दछ ।

## १४. पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो । विकास गरिएको कुनै पनि पाठ्यक्रमको कार्यान्यिन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुनेगर्दछ । कुनै पनि पाठ्यक्रमको विकास निश्चित मूल्य तथा मान्यतामा आधारित भई पाठ्यक्रमका वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोहीअनुरुप गरिएको हुन्छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वाभाविकरुपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन् ।

पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर प्रक्रिया हो । परीक्षणपश्चात् लागू भएको पाठ्यक्रममा सामान्य सुधार तथा अद्यावधिक निरन्तररुपमा हुनेगर्दछ भने कार्यान्वयन भएको पाँच वर्षमा पुनरावलोकन गरिनेछ भने कार्यान्वयन भएको दस वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरिनेछ ।

## १५. मूल्याङ्कनको थप व्यवस्था

यो पाठ्यक्रम, यो पाठ्यक्रमको नं. ११ को नोट र यो पाठ्यक्रमको आधारमा बनेको पाठ्यपुस्तक समेतको आधारमा यो पालिकाले छुट्टै विशिष्टीकरण तालिका निर्माण गर्नेछ जसले मूल्याङ्कनको सामग्रीहरू, नमुना प्रश्न तथा उत्तरकुञ्जिका समेट्नेछ ।